# नेपालमा राजतन्त्रको औचित्य छ र ?

सुरेन्द्रराज देवकोटा पीएचडी

बसन्तऋतुको आगमनसँगै फेवातालको स्वच्छ हावा खान पुगेका शाही सरकारका शासनाध्यक्षले पोखराबाट आफ्ना मण्डलेमार्फत् जनतामाथि सकेसम्मको दमन अपनाउने हुकुम प्रमांगी जारी गरेपछि देशमा रगतको खोला बग्न शुरु भयो । आज हजारौं नेपालीहरु अपांग भइसके टाउका फूटे ढाड भाँचिए दर्जनौ वेपत्ता भइसके र कैयनले शाहदात प्राप्त गरिसके । देश जलिरहेको दृष्य सारा ब्रम्हाण्डले देख्यो तर शाही शासक आफ्नै स्वांगमा तल्लिन थिए । अनन्त्वगत्वा अल्प िनिंद्राबाट व्युँझेपछि आफ्ना हितैषी विदेशी शुभ चिन्तकहरुलाई बोलाएर बच्ने दुलोहरु खोज्न थाल्दैछन् । यी तिनै हितैषी मित्रहरु हुन जसले नेपाली जनताको चाहनाभन्दा राजकीय चाहनालाई प्रथम प्राथमिकता दिएका थिए । त्यतिले नपुगेर बेत बसिसकेका राजनैतिक प्राणीहरु पनि दरवारिया चलखेलमा रमाउँदैछन् । यदि हिम्मत थियो र छ भने गगन थापालाई बोलाएर सोध्नु नि गिरिजाप्रसाद कोइरालासँग डर लाग्दछ भने । यसैबीच शहरतिर रमाउने केही रैथाने बुद्धिजीवीहरुले अर्को भ्रमको खेती गर्दैछन् कि नेपाली जनताले राजालाई अझै पनि स्वीकार्दैछन् भनेर । साम दाम दण्ड र भेदले पारंगत दरवारिया षडयन्त्रकारीहरुको साजाल बुझि नसक्नु छ परन्तु जनताले के चाहीं स्पष्ट बुझिसकेका छनः के राजतन्त्रको औचित्य बाँकी छ र कसका लागि राजतन्त्र जरुरी छ के यसको योगदानको निष्पक्ष लेखाजोखा गरिएको छ के नेपालको भविष्य राजतन्त्रसँग गाँसिएको छ र किन गणतन्त्रात्मक नेपाल हुन सक्दैन

देशका कुनाकाप्चादेखि सडकमा गणतन्त्रको नारा त्यतिकै आवेगमा आएर मात्र लागेको छैनन् । देशमा सरंचनागत परिवर्तन खातिर गणतन्त्रका नारा लागेका छन् । संरचनागत परिवर्तन किन आवश्यक छ भन्दा सीमित भँुइफुट्टा वर्गले देशको ढुकुटीमाथि गरेको असीमित दुरुपयोगलाई नेपाली जनताले धान्न सक्ने स्थिति छैन । विगतका दशकहरुको ३० वर्षे पाचायती शासन र १० वर्षे बहुदलीय व्यवस्था राजनैतिक एवं आर्थिक उपलब्धी केलाएर हेर्यौं भने स्वतः स्पष्ट हुन्छ किन संरचना परिवर्तनको अपरिहार्यता छ भनेर । जनआकांक्षा र जनताको सर्वोपरिलाई स्वीकार्नुको बदला जनभावनामाथि नै कुठाराघात गर्ने राजतन्त्रको किन आवश्यकता छ एकपटक हैन दुईपटकसम्म जनतालाई धोका दिएर तिनैसँग मुठभेड गर्न किन आतुर छ नेपालको शाहबंशीय राजतन्त्र के नेपालीले यो तथ्य बुझेका छैनन् त्यसैले आज नेपाली जनता राजतन्त्रको स्पष्ट विरोधमा उत्रेका छन् तिनीहरु निडर छन् अदम्य साहसिला छन् । विश्वासछ ठोस आकांक्षा छ र अनि स्वयंममा भरोसा छ । तर अफसोस केही स्वनामधारी बुद्धिजीवी भन्न पराउनेहरु हतप्रभ भएर फेरी पनि दुनियालाई दिग्भ्रमित गर्दैछन् । यी तिनै भुँईफुट्टा बर्ग थिए हिजोका दिनमा यावत पाटीलाई सत्तोसराप गर्थे र आज अर्को खेती गर्दैछन् ।

दरवारको रछ्यानमा बाँच्न चाहनेहरु जहिले पनि आफ्नो स्वार्थलाई केन्द्रमा राखेर विभिन्न हतकण्डा अपनाउदै आाएका छन् । त्यसैले नेपालको राजतन्त्रको भविष्य तथ्यांकले हैन जनताको अभिमतले निर्धारण गर्दछ । के आज आन्दोलनमा होमिएका र गोलीको प्रहार थाप्न गएका यी लाखौं जनता राजतन्त्रको अपरिहार्यता ठान्दछन् र कुन प्रयोजनका लागि यस्ता तथ्यांकहरु प्रकाशित गरिन्छन् भविष्यमा स्पष्ट बुझिने नै छ ।

अझै पनि आफूलाई अभिजात्य वर्गमा राख्ने वा स्थापित गर्न खोज्ने दरवारिया फरियावादीहरु सामान्य जनताका छोराछोरीले गरेको उन्नतिलाई आँखाको कंसिगरका रुपमा लिन्छन् । २०४६ सालसम्म स्वेदश र विदेशमा तिनै वर्गको हालीमुहाली थियो तर पछि जब सामान्य नेपालीहरुले देश विदेशमा विभिन्न क्षेत्रमा दखल हासिल गरे र आफ्नो देशको बस्तुस्थितिलाई विभिन्न कोणबाट विश्लेषण गरेर बुझे । आज तिनै यावतथरीका शक्तिको साचयले नेपाली जनआन्दोलनलाई बल प्रदान पनि गरिरहेको यथार्थता छ । तर दरवारियाहरु अझै पनि अठारौं शताब्दीको मानसिकताबाट पीडित छन् र दुनियालाई रैतिका रुपमा कजाएर राख्न जमर्को गर्दैछन् । विगत दुई सय वर्षदेखिको राजतन्त्रको कसरथ त्यही नै थियो । एकोहोरो स्तुतिगानले भरिएको इतिहास र बंशावलीलाई योगदानमा परिणत गर्ने फरियावादीहरुले इतिहासको नत सही समीक्षा गर्न सके न त अरुलाई त्यस्तो अवसर नै प्रदान गरे । राज्यको सम्पर्कस्रोतमा पारिवारिक एकाधिकार जमाएर जनतालाई सधैं गुलामीमा राख्ने राजतन्त्रलाई यदाकदा एकताको प्रतीक भन्न दरवारिया भाटहरु पछि पर्दैनन् । पाचायती कालरात्रीमा कहाँ गयो एकताको प्रतीक जनताले तिरेको करबाट जनताको टाउको फुटाउने शासनाध्यक्षले कसको एकताको प्रतीक जनाउँछ मान नमान म तेरो जजमानको जमाना

थियो होला कुनै बेला अब छैन ।

जनताको टाउकोमा गीर र गोली खेलेर आनन्द लिने राजतन्त्र नेपालको अभिशाप बन्दै गएको छ । त्यसो त बीसौं शताब्दीमा पलायन भएका संसारका करिब एक दर्जनजति राजतन्त्रहरु पनि आफ्ना अन्तिम दिनहरुमा निक्कै उदण्डित हुँदै गएका थिए । सयौं वर्षसम्म साम्राज्यरुप धारण गरेका कैयन राजतन्त्रहरु जस्तै इटली ग्रीस र टर्कीमा राजतन्त्र जनताको सामान्य मतले देशबाट निकाला गरिएको इतिहास अत्यन्त ताजा छ । जनतालाई सधैं गुलामी राखेर राजनीतिमा सक्रिय राजतन्त्रहरु जस्तै अष्ट्रिया रुमानिया रुस पोर्चुगल युगोस्लाभिया इरान इराक ब्राजिल बुल्गेरिया जस्ता देशहरुको राजतन्त्र आफ्नै कारणले अन्त्य भएको थियो । अझै पनि जुन देशमा सक्रिय राजतन्त्र छ त्यहाँ जनता नैसर्गिक अधिकारबाट बिचत छन् र जुन देशमा पूर्ण प्रजातन्त्र छ त्यहाँ राजतन्त्र सक्रिय छैनन् । राजतन्त्र कुनै त्यस्तो प्राकृतिक अवयव होइन जसको अभावमा नेपालीको अस्तित्व संकटमा पर्छ । क्याम्बोडिया र अफगानिस्तानको हवाला िदंदै राजतन्त्रको वकालत गर्नेहरुले इटली ग्रीस टर्की ब्राजिल र अन्य कैयन युरोपियन देशहरुको स्थिति पनि अवलोकन गर्न सक्दछन् ।

वर्तमानको वसन्त क्रान्तिले स्पष्ट इंगित गरेको छ कि नेपाली जनता आमूल परिवर्तनको पक्षमा छन् । नेपाली जनता सिर्फ भोट हाल्ने अधिकार मात्र खोजिरहेका छैनन् । जनता यावत् आर्थिक सामाजिक राजनैतिक सांस्कृति र पर्यावरणीय अधिकारका खातिर आन्दोलित छन् । जनता आआफ्नो काम कर्तव्य अधिकार र दायित्वबाट पूर्व सुशोभित हुन चाहन्छन् । जनताका यी न्युनतम इच्छा र आकांक्षामा अब कसैले पनि शक्ति र सत्ताको लागि संझौता गर्ने दुस्प्रयास गर्ने छैनन् । तसर्थ वसन्तऋतुसँगै यो जनक्रान्ति पनि निर्णायात्मक एवं अन्तिम हुनु जरुरी छ । २००७ सालदेखि राजतन्त्रको पीडा साम दाम दण्ड र भेदबाट परिचित वर्तमान आन्दोलनमा ऐतिहासिक कमाण्डर गिरिजाप्रसाद कोइरालामाथि आन्दोलन निर्णायक बनाउने र नेपाली जनतालाई पूर्व रुपेण स्वाभिमान एवं सर्वाधिकार सम्पन्न गराउने ऐतिहासिक दायित्व छ ।

नोट ः यो लेख अप्रिल २३ तारिखको मितिमा नेपालीपोष्टमा प्रकाशित भएको लेख हो ।